नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

(.................................. शाखा)

फोन नं. ६६३०५८८
६६३४९९९
६६३००८८
फ्याक्स: ६६३०७९७
नोटिस बोर्ड: ११६१८०१६६३०७९७

सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- २०७६/०७७

चलानी नं.:-

मिति २०७७/०२/१९

### थप पाठ्यसामग्री सम्बन्धी अत्यन्त जरुरी सूचना

थप पाठ्यसामग्रीको सम्बन्धमा यस केन्द्रको मिति २०७७०१।२४ को सुचना सबैमा जानकारी भएकै हुनुपर्दछ । उक्त सुचना पश्चात पनि विभिन्न प्रकाशनहरूबाट कक्षा १ लगायत विभिन्न कक्षाका थप पाठ्यसामग्रीहरू यस केन्द्रबाट स्वीकृति नलिई पुराना तथा नयाँ पाठ्यसामग्रीहरु प्रकाशन तथा बिक्री वितरण भएको भन्ने समाचार विभिन्न अनलाइन माध्यमबाट आएको हुँदा यस केन्द्रको गम्भिर ध्यानाकर्षण भएको छ । परिवर्तित नयाँ पाठ्यक्रमअनुसार कक्षा १ का लागि पाठ्य सामग्रीको रूपमा विभिन्न प्रकाशकबाट पेस भएका सामग्रीहरू मूल्याङ्कनकै क्रममा रहेको र यस केन्द्रको मूल्याङ्कन समितिबाट निर्णय भई हालसम्म कुनै पनि प्रकाशकलाई स्वीकृति दिने निर्णय नभएको हुँदा स्वीकृत नभएका र पुरानो पाठ्यक्रम अनुसारका सामग्रीहरू बिक्री वितरण तथा खरिद नगरिदिनुहुन सम्बन्धित प्रकाशक, वितरक, अभिभावक, विद्यार्थीलगायत सरोकारवाला सम्पूर्णमा हार्दिक अनुरोध गरिन्छ । यस केन्द्रको स्वीकृति नलिई कुनै पनि प्रकाशकले थप पाठ्यसामग्री प्रकाशन, बिक्री, वितरण गरेमा प्रचलित कानुनअनुसारको कार्यबाही हुने व्यहोरा जानकारी गराइन्छ । साथै यस केन्द्रबाट स्वीकृति प्राप्त गरी प्रकाशन तथा बिक्री वितरण गर्न अनुमति लिएको थप पाठ्यसामग्रीमा अनिवार्य रूपमा स्वीकृति पत्रको प्रतिलिपि एवम् यस केन्द्रको वेब साइटबाट डाउनलोड गरी नेपालको नक्सा र कोभिड-१९ सम्बन्धी सूचना समावेश गर्नुहुन अनुरोध गरिन्छ ।

..................

केशवप्रसाद दाहाल

महानिर्देशक

**महानिर्देशक**